# एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२।०६।२६

**प्रस्तावनाः** कृषि क्षेत्रको दिगो विकासको लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा कृषिजन्य बाली वस्तुहरुको उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण प्रवर्धन सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका साथै समय सापेक्ष नवीनतम कृषि प्रविधि कृषक तथा कृषि उद्यमी समक्ष पुऱ्याइ कृषि प्रसारका क्रियाकलापलाई नतिजामूलक बनाउन वाञ्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आपूर्तिकर्ता"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गर्न आवश्यक उत्पादन सामग्री लगायतका सेवा आपूर्ति गर्ने इजाजत प्राप्त उत्पादक तथा वितरक संस्थालाई सम्झनुपर्छ।

(ख) **"उत्पादन सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, बिरुवा, औषधी, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, कृषि औजार, यन्त्र उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनुपर्छ।

(घ) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको कृषि विकास कार्यालय सम्झनुपर्छ।

(ङ) **"कृषि पूर्वाधार"** भन्नाले सार्वजनिक/सामुदायिक/निजी प्रयोजनका लागि निर्माण हुने संरक्षित संरचना, सिँचाइ संरचना, कृषि उपज उत्पादन/सङ्कलन/चिस्यान/ भण्डारण/प्रशोधन संरचना लगायत बजारीकरण सम्बन्धी विभिन्न पूर्वाधारलाई सम्झनुपर्छ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्छ।

(छ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ज) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी, जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समितिलाई सम्झनुपर्छ।

(झ) **"प्राङ्गारिक मल"** भन्नाले प्राणी वा वनस्पतिजन्य वा दुबै प्रकारका सामग्रीलाई पूर्ण रुपमा विघटन/डिकम्पोज गरी पोषकतत्व वृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रासायनिक स्रोतका सिन्थेटिक केमिकल नमिसाई धुलो, दानादार रुपमा बनाइएको बाली बिरुवाको पोषणको लागि प्रयोग गरिने कार्बनयुक्त पदार्थ सम्झनुपर्छ।

(ञ) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएको शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रुपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरु समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(ट) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(ठ) **"लक्षित वर्ग"** भन्नाले आर्थिक रुपले विपन्न आदिवासी जनजाति, महिला, दलित, खस आर्य एवं कुमाल, चेपाङ, वनकरिया, हायु लगायतका अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदायका कृषकहरु सम्झनुपर्छ।

(ड) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(ढ) **"सहजकर्ता"** भन्नाले फलफूल बगैंचा सुदृढीकरण वा कृषक पाठशाला सञ्चालन कार्यमा कार्यालयलाई सहजीकरण गर्ने कृषि प्राविधिक वा सो विषयमा अनुभव प्राप्त व्यक्ति भन्ने सम्झनुपर्छ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ण) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(त) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद- २

## कृषि व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया

३. **प्रस्ताव आह्वानः** (१) कार्यालय/निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालय/कार्यालयले न्यूनतम ७ (सात) दिनको समयसीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

४. **प्रस्ताव दर्ता:** कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ३ मा उल्लिखित समयसीमा भित्र अनुसूची-३ बमोजिमको प्रस्ताव-पत्र, अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायतका अनुसूची-१ मा उल्लिखित र अन्य आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन निर्देशनालय/कार्यालय वा सम्बन्धित कार्यालयको सेवा केन्द्रमा दर्ता गर्नुपर्नेछ।

५. **प्रारम्भिक सूची तयार गर्ने:** (१) निर्देशनालय/कार्यालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई कार्यालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालय/कार्यालयले मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. **मूल्याङ्कन समिति:** (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न निर्देशनालय/कार्यालयमा एक मूल्याङ्कन समिति रहनेछ।

निर्देशक/प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय/कार्यालय -संयोजक

अधिकृत/प्राविधिक, योजना हेर्ने शाखा, निर्देशनालय/कार्यालय -सदस्य



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

डा. मधुसूधन पौडेल

कार्यक्रम हेर्ने अधिकृत/प्राविधिक, निर्देशनालय/कार्यालय -सदस्य

प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/कार्यालय -सदस्य

प्रमुख, खरिद एकाइ, निर्देशनालय/कार्यालय -सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित विषयगत क्षेत्रका बढीमा २ जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कनः</u> (१) निर्देशनालय/कार्यालयले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय/कार्यालय समक्ष पेस गर्नेछ। निर्देशनालय/कार्यालयले अनुसूची-६ को चेकलिस्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-७ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची तयार गरी छनोटका लागि निर्देशनालय/कार्यालय समक्ष सिफारिस गर्नेछ।

८. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) योग्यताक्रम सूचीका प्रस्तावहरु बारे गुनासो पेस गर्न ७ (सात) दिनको समयसीमा राखी निर्देशनालय/कार्यालयले आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) निर्देशनालय/कार्यालयले अन्तिम योग्यताक्रम सूचीबाट योगतयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ दिनभित्र सम्झौता गर्न वेबसाइट वा कार्यालयको आधिकारिक सोसल मिडियामार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालय/कार्यालयले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसारको प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) निर्देशनालय/कार्यालयले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनु पर्नेछ।

४

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

**कार्ययोजना स्वीकृतिः** (१) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी निर्देशनालय/कार्यालय समक्ष पेस गर्नेछ।

(२) निर्देशनालय/कार्यालयले उपदफा १ बमोजिम पेस भए अनुसार नै वा आवश्यक परिमार्जनसहित सम्झौतापूर्व नियमानुसार लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

१०. **सम्झौताः** (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालय/कार्यालयले अनुसूची-८ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) साझेदारले सम्झौता गर्नु अघि दोहोरो अनुदान सुविधा नलिएको स्वघोषणा-पत्र पेस गर्नुपर्नेछ।

## परिच्छेद-३

## कृषि व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया

११. **बाली प्रवर्धन कार्यक्रमः** (१) जिल्लागत प्राथमिकता बाली/वस्तुको क्लष्टरमा आधारीत व्यवसायीकरण र आधुनिकीकरणमार्फत स्थानीय माग पूर्ति, आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरी कृषकको आयस्तर सुधार गर्ने उद्देश्य लिई यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/कृषि कम्पनीहरुले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) खाद्यान्न, दलहन, तेलहन, रैथाने बाली, फलफूल, चिया, कफी, तरकारी बाली, मसला बाली, मौरी, च्याउ, रेशम लगायतका स्वीकृत कार्यक्रममा तोकिएका बाली प्रवर्धनका लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिने छः

(अ) बिउ/बेर्ना/बिरुवा, मल, विषादी, सुक्ष्म खाद्यतत्व, हाते औजार उपकरण लगायतका उत्पादन सामग्री सहयोग,

(आ) सिंचाइ संरचना निर्माण तथा मर्मत सम्भार एवं सिंचाइका लागि आवश्यक सामग्री खरिद,



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(इ) तरकारी, च्याउ तथा पुष्प खेती/नर्सरी व्यवसायका लागि संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण,

(ई) बाली/वस्तु उत्पादनमा आवश्यक यन्त्र उपकरण/नवीनतम प्रविधि अवलम्बन,

(उ) भण्डारण, प्रशोधन तथा बजारीकरणमा सहयोग,

(ऊ) सीप विकास तालिम तथा क्षमता अभिवृद्धि।

(ख) कार्यक्रम क्लष्टर देहाय बमोजिम निर्धारण हुनेछ;-

(अ) प्रस्तावकले प्रस्ताव पेस गर्दा अनुसूची-९ बमोजिम क्लष्टरको क्षेत्रफल वा सङ्ख्या पुगेको आधार पेस गर्नुपर्नेछ। निजी फार्म/कम्पनीको हकमा बढीमा २ वटासम्म फार्महरु जोडेर क्लष्टर बनाउन सकिनेछ।

(आ) क्लष्टर छनोट गर्दा सम्भव भएसम्म एकै रोड कोरिडोर समेट्ने, एकै भेगको, नजिकको दुरीमा बजार भएको क्षेत्र छनोट गर्नुपर्नेछ।

(ग) खाद्यान्न, दलहन, तेलहन बाली: खाद्यान्न, दलहन तथा तेलहन बालीको पकेट क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) तरकारी खेती:

(अ) संरक्षित संरचना निर्माण गरी उच्च मूल्य तरकारी उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञान भएको हुनुपर्नेछ।

(आ) संरक्षित संरचनाको न्यूनतम क्षेत्रफल १८० वर्गमिटर हुनुपर्नेछ। हाइटेक/नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस, एग्रि नेटहाउस, जि.आइ/फलाम/बाँस प्रयोग गरी संरचना निर्माण गर्न सकिनेछ। संरक्षित संरचनाको न्यूनतम प्राविधिक मापदण्ड अनुसूची-१० बमोजिम हुनेछ।

(ङ) फलफूल खेती: फलफूल बिरुवा सम्भव भएसम्म सम्बन्धित कार्यालयको सिफारिसमा सरकारी फार्म केन्द्रबाट खरिद गर्नुपर्नेछ।

(अ) किवी फलका लागि कंक्रिट थाँक्रा निर्माण गर्दा रड (८ मि.मि. को कम्तीमा ४ वटा), सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात (१:१.५:३), उचाइ (कम्तीमा ८ फिट) र चौडाइ (४ फिट ४ इन्च), होरिजेन्टल बार (कम्तीमा १.५ इन्च) र जि.आइ. तारको मोटाइ (कम्तीमा १० SWG) हुनुपर्नेछ।

(आ) किवी फलमा एम.एस. वा जि.आइ. को टि बारको थाँक्रा निर्माण गर्दा उचाइ (कम्तीमा ८ फिट), २ मि.मि. मोटाइ भएको ४०

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

प्रदेश सरकार
...विकास मन्त्रालय
...डा, नेपाल

मि.मि. को पाइप र जि.आइ. तारको मोटाइ (कम्तीमा १० SWG) हुनुपर्नेछ।

(इ) ड्रागन फ्रुटका लागि कंक्रिट थाँक्रा निर्माण गर्दा रड (८ मि.मि. को कम्तीमा ४ वटा), सिमेन्ट, बालुवा र एग्रिगेट्सको अनुपात (१:१.५:३), उचाइ (कम्तीमा ७ फिट) र चौडाइ (४ फिट ४ इन्च), होरिजेन्टल बार (कम्तीमा १.५ इन्च) र जि.आइ. तारको मोटाइ (कम्तीमा १० SWG) हुनुपर्नेछ।

(च) चिया/कफीः

(अ) राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट प्रदेशभित्र तोकिएका सम्भाव्य क्षेत्रलाई प्राथमिकता दिई चिया/कफी खेती कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(आ) कफी खेतीको हकमा प्राङ्गारिक कफी खेतीलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(इ) कफी खेती गर्दा बिरुवा रोप्नु पूर्व नै छहारी व्यवस्थापन गरी सकेको हुनुपर्नेछ।

(छ) च्याउ खेतीः

(अ) कन्ये, गोब्रे र सिताके जातका च्याउको खेती गर्न सकिनेछ।

(आ) सिताके च्याउ खेती समुद्र सतहदेखि ८०० मिटर भन्दा माथिको क्षेत्रमा गर्नुपर्नेछ। साथै, काठको मुडाको आकार न्यूनतम ४ इन्च व्यास भएको र ३ फिट लम्बाइ भएको हुनुपर्नेछ।

(ज) मौरी पालनः

(अ) सेराना मौरीपालनको लागि मौसम अनुसार पर्याप्त चरन क्षेत्र भएको स्थान हुनुपर्नेछ भने मेलिफेरा मौरीपालनको हकमा चरन पात्रो सहितको चरन व्यवस्थापन योजना हुनुपर्नेछ।

(आ) व्यावसायिक मौरीपालनका लागि मौरीपालन सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्नेछ।

(झ) रेशम खेतीः

(अ) निजी फार्मको लागि ५ बाकस र कृषक समूह वा सहकारीको हकमा प्रति सदस्य कम्तीमा १ बाकस कीरापालन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(आ) रेशम खेतीका लागि किम्बु बगैंचाको स्थापना गरी सकेको तथा खेती सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसुधन पौडे...
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(इ) रेशम मूल्य श्रृंखलाका कोया उत्पादनदेखि धागो उत्पादनसम्मका मूल्य श्रृंखलाका सम्पूर्ण गतिविधिहरु एकीकृत रुपमा सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ।

(४) यस कार्यक्रम अन्तर्गत प्राथमिकता प्राप्त बालीका बिउ बिजनमा प्रोत्साहन दिँदा स्वदेशमा उत्पादित हालसालै सिफारिस भएका उच्च उत्पादनशिल जातको बिउलाई प्राथमिकता दिनुपर्नेछ। रैथाने बालीको हकमा यो व्यवस्था लागु हुने छैन।

१२. <u>कौसी खेती प्रवर्धन कार्यक्रमः</u> (१) सहरी क्षेत्रका बासिन्दामा जमिन अभाव र व्यस्तताका कारण बजारमै निर्भर रहनुपर्ने बाध्यता भएको साथै रसायनको उच्च प्रयोगले स्वस्थ तरकारी पाउन नसक्ने अवस्थालाई दृष्टिगत गरी उपभोक्तालाई नै ताजा तरकारी उत्पादनमा संलग्न गराउन कौसी खेती प्रवर्धन कार्यक्रम आवश्यक देखिन्छ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत सहरी क्षेत्रभित्र कौसी खेती गर्न इच्छुक कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी र टोल विकास संस्थाले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रस्तावकहरूले न्यूनतम २५ घरधुरीको क्लष्टर बनाई आवेदन दिनु पर्नेछ।

(ख) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनका लागि स्वीकृत बजेटको परिधिमा रही प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः

(अ) गमला, क्रेट, काठ/थर्मकोल/स्पाइरोफर्म बाकस, फलामका संरचना, ग्रो ब्याग, ट्रे, पानी हाल्ने फोहोरा, स्प्रे टयाङ्की, साना हाते औजार आदि सामग्रीहरु

(आ) प्राङ्गारिक मल, गड्यौली मल, कोकोपिट, पिट मोस लगायत अन्य ग्रो मिडिया, बिउ, बेर्ना, विषादी, घुलनशील मल, सुक्ष्म खाद्यतत्व सहयोग

(इ) जैविक तथा प्राङ्गारिक मल/विषादी उत्पादन तथा प्रवर्धनमा सहयोग

(ई) कम्पोस्ट बिन, जैविक विघटक, इ.एम झोल, ट्राइकोडर्मा आदि सहयोग

(उ) थोपा सिँचाइका लागि आवश्यक सामग्री

(ऊ) आकाशको पानी सङ्कलन गर्ने संरचना, रेन सेल्टर, हाईड्रोपोनिक्स /एरोपोनिक्स लगायत नवीनतम प्रविधि र संरचना निर्माण।

१३. <u>संरक्षित संरचनामा तरकारी, पुष्प तथा उच्च मूल्य बाली प्रवर्धन कार्यक्रमः</u> (१) तरकारी, पुष्प तथा उच्च मूल्य बालीको प्रतिकूल मौसममा उत्पादन, शत्रुजीवहरुबाट संरक्षण गरी



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

विषादीको उपयोगमा कमी, मल तथा पानीको नियन्त्रित प्रयोग र अधिकतम् उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत संरक्षित संरचनाको अनुभव भएका कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी तथा निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) यस कार्यक्रम अन्तर्गत जि.आइ. र प्लाष्टिक प्रयोग गरी प्रविधिसहितको नेचुरल्ली भेन्टिलेटेड/सेमी हाइटेक/हाइटेक ग्रिनहाउस, एग्रि नेटहाउस वा जि.आइ./फलाम/बाँस प्रयोग गरी प्लाष्टिक घर निर्माण गर्न सकिनेछ।

(ख) संरक्षित संरचनाको न्यूनतम क्षेत्रफल १८० वर्गमिटर र न्यूनतम प्राविधिक मापदण्ड अनुसूची-१० बमोजिम हुनेछ।

१४. <u>स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्बन कार्यक्रमः</u> (१) कृषि र सूचना प्रविधिको क्षेत्रमा विकास भएका नवीनतम प्रविधि तथा अवधारणाहरु प्रयोग गरी कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी उत्पादन कार्यमा संलग्न कृषक समूह, कृषि सहकारी र निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) खुला जमिनको लागि न्यूनतम ३ रोपनी र संरक्षित संरचनाको हकमा न्यूनतम १८० वर्गमिटरको संरचनामा तरकारी खेती गर्नुपर्नेछ।

(ख) कुल लागत अनुमानको न्यूनतम २० प्रतिशत भार सूचना प्रविधि, अटोमेशन वा स्मार्ट प्रविधिसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलाप हुनुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) स्मार्ट नर्सरीः स्वस्थ बेर्ना उत्पादनका लागि पोलिहाउस निर्माण गरी पोलिहाउस भित्र तापक्रम र आद्रता अनुकूल बनाउन उपकरण जडान, सिँचाइका लागि फगर लगायतका संरचना जडान,

(आ) संरक्षित संरचनामा तरकारी खेतीः अटोमेटेड हाइटेक ग्रिनहाउस निर्माण, भर्टिकल फार्मिङ, हाइड्रोपोनिक्स र एरोपोनिक्स प्रविधिको प्रयोग,

(इ) स्मार्ट सिँचाइः थोपा सिँचाइ, बुम सिँचाइ, स्पिङ्कलर सिँचाइ जस्ता माइक्रो इरिगेसन प्रविधि जडान, माटोको चिस्यान र मौसमको अवस्थाको आधारमा सेन्सर तथा नियन्त्रकको प्रयोग,

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल

(ई) स्मार्ट बाली संरक्षण: कीट नियन्त्रण प्रणाली जडान, कीट नियन्त्रणको लागि प्राकृतिक शिकारी वा जैविक कीटनाशकहरुको प्रयोग,

(उ) स्मार्ट बाली पोषण: खाद्यतत्वको उपयोगिता बढाई बाली उत्पादन बढाउन सेन्सरयुक्त अटोमेटेड फर्टिगेसन प्रणालीको जडान,

(ऊ) स्वचालित सेन्सर: बाली, माटो, सिंचाइ र मौसमको जानकारीका लागि जडान गरिएका कन्ट्रोलर, सेन्सर र स्वचालित प्रणाली प्रयोग गरी क्लाउड कम्प्युटिङ र विश्लेषणबाट बाली स्वास्थ्य निगरानी साथै उत्पादन क्षमताको मूल्याङ्कन,

(ऋ) नविनतम प्रविधि, रोबोटिक्स एवं मेसिनरी: हवाई इमेजिङ, बाली स्वास्थ्य/रोग निगरानी लगायतको लागि ड्रोनको प्रयोग साथै ब्लक चेन जस्ता अन्य नविनतम प्रविधिहरुको अवलम्बन।

१५. <u>साना सिँचाइ निर्माण कार्यक्रम:</u> (१) साना सिँचाइ संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको व्यवस्थापन तथा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावक: यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म, जल उपभोक्ता समितिले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) यस कार्यक्रम अन्तर्गत बढीमा २५ हेक्टरसम्म सिँचाइ सुविधा पुग्ने कुलो निर्माण एवं मर्मत सम्भार, एच.डी.पी.ई. पाइप, स्यालो बोरिङ्ग, इनार निर्माण, पानी तान्ने पम्प, थोपा/स्प्रिङ्कलर सिँचाइ जस्ता सुक्ष्म सिँचाइ, प्लाष्टिक/सिमेन्ट पोखरी निर्माण आदि सञ्चालन गर्न सकिनेछ।

(ख) प्लाष्टिक पोखरी २५० GSM को प्लाष्टिक प्रयोग गरी न्यूनतम ३०,००० लिटर क्षमताको हुनुपर्नेछ,

(ग) सिमेन्ट पोखरी न्यूनतम ३०,००० लिटर क्षमताको हुनुपर्नेछ,

(घ) सिँचाइ कुलोबाट न्यूनतम १५ घरधुरी लाभान्वित हुनुपर्नेछ,

(ङ) स्यालो बोरिङ न्यूनतम १ हेक्टर कमाण्ड क्षेत्र भएको हुनुपर्नेछ।

१६. <u>वातावरण अनुकूलित व्यावसायिक च्याउ खेती प्रवर्धन कार्यक्रम:</u> (१) वातावरण अनुकूलित संरचना निर्माणमार्फत गोब्रे च्याउ तथा अन्य उच्च मूल्य प्रजातिका च्याउ वर्षैभरि उत्पादन गरी आयात प्रतिस्थापन र रोजगारी प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

१०

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत च्याउ व्यवसायमा संलग्न कृषक समूह, कृषि सहकारी, निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) आफ्नै स्वामित्वमा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिईनेछ। भाडामा लिईएको जग्गाको हकमा न्यूनतम १५ वर्षको करारनामा पत्र पेस गर्नुपर्नेछ।

(ख) च्याउ खेती गरिने संरचना वातावरण अनुकूलित हुने प्रविधि वा उपकरणको प्रयोग गर्न उपयुक्त हुनुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः

(अ) च्याउ खेतीका लागि वातावरण अनुकूलन गर्न उपयुक्त संरचनाको निर्माण,

(आ) निर्माण भएको वा निर्मित संरचनामा तापक्रम, सापेक्षिक आद्रता र हावाको सञ्चार च्याउ खेतीका लागि अनुकूलित बनाउन आवश्यक पर्ने मेशिनरीहरु जडान।

१७. <u>च्याउ क्यानिङ उद्योग स्थापना कार्यक्रमः</u> (१) बागमती प्रदेशमा उत्पादन हुने गोब्रे च्याउलाई क्यानिङ गरी बजार मागअनुसार आपूर्ति बढाई आयात प्रतिस्थापनमार्फत गोब्रे च्याउ खेतीको व्यावसायिकता प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत च्याउ व्यवसायमा संलग्न कृषक समूह, कृषि सहकारी, निजी कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) गोब्रे च्याउ क्यानिङ उद्योग स्थापना गर्न चाहने प्रस्तावकले आवश्यक पर्ने कच्चा पदार्थको सुनिश्चितताको निम्ति आफ्नो उत्पादनको विवरण वा गोब्रे च्याउ उत्पादक कृषकहरुसँग भएको सम्झौता पत्र पेस गर्नुपर्नेछ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिईनेछ। भाडामा लिईएको जग्गाको हकमा न्यूनतम १५ वर्षको करारनामा पत्र पेस गर्नुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ:

(अ) गोब्रे च्याउको क्यानिङ उद्योग स्थापनाका लागि आवश्यक संरचना निर्माण,

(आ) उद्योगका लागि आवश्यक मेशिनरी औजार खरिद आदि।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

१८. <u>भकारो/गोठेमल सुधार कार्यक्रमः</u> (१) गोठेमलको उचित व्यवस्थापन र भकारो सुधारमार्फत उत्पादित गुणस्तरयुक्त प्राङ्गारिक मलको प्रयोगबाट माटोको उर्वराशक्ति र बाली उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत एउटै क्लष्टरमा व्यावसायिक रुपमा खेती गरिरहेका कृषक समूह वा कृषि कार्यमा संलग्न सहकारीले भकारो सुधारका लागि आवेदन दिन सक्नेछन।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) भकारो सुधार गर्न प्रति प्रस्तावक न्यूनतम १० जना इच्छुक सदस्य हुनुपर्नेछ।

(ख) प्रति भकारो कम्तीमा २ वटा पशु वस्तुसहित न्यूनतम ७ वर्गमिटरको गोठ हुनुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) गोठको भुँई ढलान,

(आ) मुत्र सङ्कलन व्यवस्थापन (गटर, पाइप, जाली आदि),

(इ) भकारोको छानो/पर्खाल निर्माण/स्तरोन्नति,

(ई) मुत्र सङ्कलनका लागि कम्तीमा २०० लि. को कङ्क्रिट ट्याङ्की वा पोली ट्याङ्कीको निर्माण/सुधार।

१९. <u>प्राङ्गारिक कृषि उपज बजारीकरण सहयोग कार्यक्रमः</u> (१) स्वच्छ, स्वस्थ तथा विषादीरहित प्राङ्गारिक कृषि उपजलाई व्यवस्थित आपूर्ति श्रृंखलामार्फत बजारसम्म पुऱ्याई कृषकलाई उचित मूल्य र उपभोक्तालाई गुणस्तरीय खाद्य सुनिश्चितता र वातावरण संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक कृषिमा संलग्न समूह, सहकारी/संघ संस्था, निजी फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्राङ्गारिक खेतीको मापदण्ड "प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४" वा अन्य स्वीकृत मापदण्ड बमोजिम हुनुपर्नेछ।

(ख) प्राङ्गारिक कृषि उपजको प्रमाणीकरण "प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९" र "प्राङ्गारिक कृषि उत्पादनको सामूहिक प्रमाणिकरणका लागि



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल

आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९" वा अन्य स्वीकृत मापदण्ड बमोजिम हुनुपर्नेछ।

(ग) कार्यालयले साझेदारलाई देहाय अनुसारका क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(अ) प्राङ्गारिक कृषि उपज सङ्कलन, प्रशोधन, भण्डारण, ब्राण्डिङ्ग, प्याकेजिङ्ग, विविधीकरण लगायतका मूल्य श्रृंखला विकास सम्बन्धी कार्यहरु,

(आ) प्राङ्गारिक कृषि उपजको बजारीकरणका लागि कृषि तथा खाद्य मेला आयोजना, कृषि बजार, हाट बजार वा अन्य उपयुक्त स्थलमा प्राङ्गारिक उपज बिक्री स्टल/केन्द्र निर्माण एवं सञ्चालन,

(इ) प्राङ्गारिक कृषि उपज बजारीकरण प्रवर्धनका लागि आवश्यक अन्य उपयुक्त क्रियाकलापहरु।

२०. <u>प्राङ्गारिक/गड्यौले मल उद्योग सबलीकरण तथा प्रोत्साहन अनुदान कार्यक्रमः</u> (१) रासायनिक मलको अत्यधिक प्रयोगले माटोको भौतिक, रासायनिक र जैविक गुणमा नकारात्मक असर पर्न थालेकोले माटोको उर्वराशक्ति बढाइ दीर्घकालीन रूपमा कृषियोग्य जमिनको उत्पादनशीलता वृद्धि गर्नका लागि प्राङ्गारिक मल तथा गडयौले मलको प्रयोगलाई बढवा दिन मल उत्पादन गर्ने उद्योगलाई सबलीकरण तथा प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक/गडयौले मल उत्पादन गरिरहेका उद्योगले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रस्तावक प्रचलित कानुन बमोजिम दर्ता भएको हुनुपर्नेछ

(ख) प्रस्तावक प्रचलित कानुन बमोजिम स्थानीय तह वा प्रदेशमा सूचीकृत भएको हुनुपर्नेछ।

(ग) प्रस्तावकले स्वीकृत कार्यक्रम रहेको जिल्लाको कार्यक्षेत्रभित्र प्राङ्गारिक/गडयौले मल उद्योग सञ्चालन गरिरहेको स्थानीय तहको सिफारिस पेस गर्नुपर्नेछ।

(घ) प्रस्तावकले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह/सहकारी/फार्म/कम्पनीलाई सूचना प्रकाशन पश्चात बिक्री गरेको मलमा मात्र प्रोत्साहन अनुदान पाउनेछन्।

(ङ) उद्योगबाट उत्पादित प्राङ्गारिक मल "प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८" बमोजिम मलको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(च) प्रस्तावकले उद्योग रहेको सम्बन्धित स्थानिय तहवाट सिफारिस,



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

२१. <u>कृषि बजार प्रवर्धन कार्यक्रमः</u> (१) कृषक र उपभोक्ताबिचको दुरी घटाई स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउँदै कृषि उपजको उचित मूल्य सुनिश्चित गर्ने उद्देश्य सहित भौतिक पूर्वाधार, बजार सूचना प्रणाली, आपूर्ति श्रृंखला व्यवस्थापन सुदृढ गरी कृषि बजारको विकास र सुधारमा टेवा पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी/संघ संस्था/कम्पनी, कृषि बजार समितिले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः कार्यालयले साझेदारलाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) कृषि बजारमा स्टल वा बिक्री कक्ष निर्माण वा स्तरोन्नति,

(ख) कृषि बजारमा सङ्कलन केन्द्र, भण्डारण संरचना लगायत अन्य आवश्यक पूर्वाधार निर्माण,

(ग) कृषि उपज बजारीकरणका लागि लेबलिङ्ग, प्याकेजिङ्गमा सहयोग, बजार सूचना प्रणाली विकास, बजारीकरणको लागि सीप विकास लगायत अन्य बजार प्रवर्धनका क्रियाकलापहरु।

२२. <u>शिक्षालयसँगको सहकार्यमा कृषि उत्पादन कार्यक्रमः</u> (१) कृषि विषय अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक ज्ञानमा मात्र सीमित नराखी, उद्यमशीलता अभिवृद्धि गरी भविष्यमा दक्ष प्राविधिक तथा स्वरोजगारी सिर्जना गर्न सक्ने उद्यमशील व्यवसायी बनाउने उद्देश्यले प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यावसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषि विज्ञान विषय पढाई हुने शैक्षिक संस्थाले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) कार्यक्रम सञ्चालनका लागि शैक्षिक संस्थासँग आफ्नै स्वामित्वमा ५ रोपनी जग्गा वा भाडामा लिएको जग्गाको हकमा न्यूनतम ५ वर्षको करार सम्झौता भएको करारनामा पत्र हुनुपर्नेछ।

(ख) तरकारी, खाद्यान्न, च्याउ खेती, मौरीपालन, फलफूल, पुष्प खेती लगायत कृषिजन्य बालीको उत्पादन सामग्री, यन्त्र उपकरण, उन्नत प्रविधि प्रदर्शन, बजारीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२३. <u>वातानुकूलित प्रविधिमा च्याउ उत्पादन गर्ने कृषकलाई विद्युत महशुलमा अनुदानः</u> (१) वातावरण अनुकूलित संरचनामा खपत हुने विद्युत खर्च घटाई च्याउ खेतीको उत्पादन लागत कम गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत व्यावसायिक च्याउ खेतीका लागि वातानुकूलित संरचना निर्माण गरेका कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी फार्म वा कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन शर्तहरुः

(क) प्रस्तावक व्यक्ति वा संस्थाको विद्युत मिटर ग्राहक नं. खुलेको कागजात सहित विद्युत प्राधिकरणबाट अनुदान छुट नपाएको प्रमाण खुल्ने कागजात पेस गर्नुपर्नेछ।

(ख) प्रस्तावकले वातावरण अनुकुलित चिस्यान प्रणाली सहितको च्याउ उत्पादनमा मात्र विद्युतको प्रयोग गरेको हुनुपर्नेछ।

२४. **कृषि उद्यमशीलता विकास/विकास सहयोग कार्यक्रमः** (१) प्रदेशको कृषि क्षेत्रमा साना तथा मझौला खालका कृषि उद्यमहरूको विकास र प्रवर्धनमार्फत रोजगारीका अवसर सिर्जना गर्ने, कृषि श्रमको उत्पादकत्व वृद्धि गर्ने र कृषि उद्यमशीलता विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत निजी कृषि फार्म/कम्पनी, कृषक/कृषि उद्यमीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) यस कार्यक्रम अन्तर्गत तरकारी, फलफूल, पुष्प, च्याउ, मसला बाली, मौरीपालन, रैथाने बाली, प्राङ्गारिक कृषि लगायतका कृषि क्षेत्रको उद्यमशीलता प्रवर्धन गर्ने उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(ख) उत्पादनदेखि बजारीकरणसम्मका सहयोगी क्रियाकलापहरुलाई प्राथमिकता दिई उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।\

२५. **कृषि ज्ञानरत्न प्रवर्धन कार्यक्रमः** (१) उच्च शिक्षा प्राप्त गरेका व्यक्तिले हासिल गरेको सैद्धान्तिक ज्ञान र अनुसन्धान अनुभवलाई व्यवहारमा लागु गरी कृषि क्षेत्रमा नवप्रवर्तन प्रवर्धन गर्न, शिक्षित युवा जनशक्तिलाई कृषि पेशामा अभिप्रेरीत गर्न र स्थानीय कृषकहरूलाई सशक्तीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कम्तीमा स्नातक तह अध्ययन पुरा गरी कृषि पेशामा आबद्ध व्यक्तिको प्रत्यक्ष संलग्नतामा स्थापित निजी फार्म वा कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रमको लागि आवेदन दिने आवेदक मध्येबाट माथिल्लो शैक्षिक योग्यता प्राप्त आवेदकलाई प्राथमिकता दिईनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(४) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः कार्यालयले साझेदारलाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) फलफूल, तरकारी, रैथाने बाली, मसला बाली/नगदे बाली, प्राङ्गारिक कृषि, उत्पादन सामग्री, औजार/उपकरण, साना तथा आधुनिक सिँचाइ लगायत उत्पादनसँग सम्बन्धित क्रियाकलाप,

(ख) सङ्कलन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित औजार/उपकरण/ पूर्वाधार निर्माण।

२६. <u>जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रमः</u> (१) जग्गा भाडामा लिई व्यावसायिक रुपमा केरा खेती गर्ने कृषकलाई जग्गा भाडामा अनुदान दिई उत्पादन लागत न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत जग्गा भाडामा लिई केरा खेती गर्दै आएका व्यावसायिक निजी फार्म/कम्पनी/कृषक समूह/कृषि कार्यमा संलग्न सहकारीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रस्तावकले जग्गा भाडामा लिई न्यूनतम १० कठ्ठा (६.५ रोपनी) मा व्यावसायिक केरा खेती गरेको हुनुपर्नेछ।

(ख) जग्गा भाडा सम्झौताको अवधि आवेदन दिन सकिने अन्तिम मितिले न्यूनतम तीन वर्ष बाँकी रहेको हुनुपर्नेछ।

(ग) खेती गरिएको जमिनको स्वामित्व खेती गर्ने कृषकको एकाघर सदस्यको नाममा भएमा यो कार्यक्रमको लागि योग्य हुने छैन।

(घ) कसैको नाममा कित्ताकाट भएको तर लालपुर्जा नभएको जग्गाको हकमा उक्त जग्गाको कित्ता नम्बर, क्षेत्रफल र जग्गाधनीको विवरण खुलाई सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको पत्र पेस गर्नुपर्नेछ।

(ङ) केरा खेतीको बिमा गरेको प्रमाण पेस गर्नुपर्नेछ।

२७. <u>मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रमः</u> (१) कृषकलाई कृषि पेशामा आवद्ध गरी खाद्य सुरक्षा, जीविकोपार्जनमा सहजता तथा रोजगारीको अवसरलाई वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यविधिले तोकेको लक्षित वर्गले कार्यक्रममा आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(क) प्रस्तावकले उपदफा २ बमोजिम लक्षित वर्ग भएको बेहोरा खुल्ने स्थानीय तह/वडाको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

(ख) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछः-

(अ) तरकारी, फलफूल, खाद्यान्न, तेलहन, दलहन, रैथाली बाली, मसला बाली, मौरीपालन, च्याउ, पुष्प, कन्दमुल लगायत कृषिजन्य बाली वस्तु खेतीका लागि आवश्यक प्रविधि र सामग्री,

(आ) कृषिजन्य बाली/वस्तुको प्रशोधन तथा बजारीकरण

(इ) औजार उपकरण खरिद।

## परिच्छेद- ४

## प्राङ्गारिक मल वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

२८. **प्राङ्गारिक मल वितरण कार्यक्रमः** (१) रासायनिक मलको अत्यधिक प्रयोगले माटोको भौतिक, रासायनिक र जैविक गुणमा नकारात्मक असर पर्न थालेकोले माटोको उर्वराशक्ति बढाइ दीर्घकालीन रूपमा कृषियोग्य जमिनको उत्पादनशीलता वृद्धि गर्नका लागि प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई बढाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रस्तावकः यस कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी र कृषि फार्म/कम्पनीले आवेदन दिन सक्नेछन्।

(३) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रत्येक प्रस्तावकलाई एक आर्थिक वर्षमा बढीमा १० मे.टन प्राङ्गारिक मलमा सहुलियत रकम उपलब्ध गराउन सकिनेछ।

(ख) कार्यालयले प्राङ्गारिक मल आपूर्तीकर्तालाई अनुसूची-११ बमोजिम र प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फार्म/कम्पनीलाई अनुसूची-१२ बमोजिम सूचीकरण गर्न २१ (एक्काईस) दिन समयावधिको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(ग) नेपालमा उत्पादन भएको प्राङ्गारिक मल मात्र कार्यक्रममा समावेश गरिनेछ।

(घ) कार्यालयले छनोट भएका आपूर्तिकर्ताहरुको सूची र प्राङ्गारिक मल खरिद गर्न चाहने छनोट भएका प्रस्तावकहरुलाई सहुलियत दरमा उपलब्ध गराउन सकिने प्राङ्गारिक मलको परिमाण सहितको सूची प्रकाशन गर्नुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ङ) सार्वजनिक खरिद ऐन बमोजिम गठित मूल्याङ्कन समितिबाट छनोट भएका आपूर्तिकर्ताहरुसँग कार्यालयले सम्झौता गर्नुपर्नेछ। कार्यालयले आवश्यकता अनुसार प्राप्त भएको प्राङ्गारिक मलको नमुनाको परीक्षण समेत गर्नसक्नेछ।

(च) वितरण गरिने प्राङ्गारिक मलको न्यूनतम मापदण्ड तथा गुणस्तर अनुसूची-१३ बमोजिम हुनेछ। साथै, प्रत्येक प्याकेजिङ्गमा मलको उत्पादन र प्रयोग गरी सक्नुपर्ने मिति, ब्याच नं., तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनुपर्नेछ।

(छ) कार्यालयमा सूचीकृत प्रस्तावकहरुलाई मात्र आपूर्तिकर्ताले सहुलियतमा प्राङ्गारिक मल उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद- ५

## कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन प्रक्रिया

२९. **नवीनतम प्रविधि प्रदर्शनः** (१) उन्नत प्रविधि प्रदर्शनमार्फत नयाँ र पुराना प्रविधिको तुलनात्मक प्रभाव देखाई कृषकलाई उन्नत प्रविधितर्फ आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) यस कार्यक्रम अन्तर्गत अभिमुखीकरण, बिउ/बेर्ना/बिरुवा, मल, विषादी, सुक्ष्म खाद्यतत्व, यन्त्र उपकरण, नवीनतम प्रविधि अवलम्बनका लागि आवश्यक सामग्री तथा प्रविधि, प्राविधिक सहयोग, लगायत नतिजा, उत्पादन तथा तरिका प्रदर्शनसँग सम्बन्धित आवश्यक कार्यक्रम समेट्न सकिनेछ।

(ख) प्राविधिक/विज्ञहरुको स्थलगत अवलोकन तथा निरीक्षण र प्रविधि प्रदर्शनको नतिजा प्रचार प्रसार एवं प्रकाशनलाई समेत कार्यक्रममा समावेश गर्न सकिनेछ।

(ग) सम्बन्धित कार्यालयले नवीनतम प्रविधि अवलम्बन गर्न इच्छुक कृषक समूह/सहकारी/फार्म/कम्पनीको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) खुला जमिनमा तरकारी बाली २ रोपनी, फलफूल बाली ४ रोपनी, संरक्षित संरचना १८० वर्गमिटर र खाद्यान्न बालीमा ५ रोपनी न्यूनतम क्षेत्रफलमा प्रविधि प्रदर्शन गर्नुपर्नेछ।

(ङ) कार्यालयले स्थानीय तहसँगको समन्वयमा एकै खालको प्रदर्शन एउटै वडामा नदोहोरिने गरी स्थल छनोट गर्नुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(च) प्रदर्शन स्थलमा सूचनापाटी राखी कार्यक्रमको सम्पूर्ण विवरण उल्लेख गर्नुपर्नेछ।

३०. <u>फलफूल बगैंचा सुदृढीकरण कार्यक्रमः</u> (१) पुराना र कम उत्पादनशील फलफूल बगैंचाहरुमा व्यवस्थापकीय सुधार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) स्थानीय तहसँगको समन्वयमा समस्याग्रस्त र उत्पादन ह्रास हुने क्रममा रहेका फलफूल बगैंचाहरु निश्चित क्लष्टरमा समेटिने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) समस्याग्रस्त बगैंचाको विवरण खुल्ने आवश्यक कागजात र स्थानीय तहको सिफारिस सहित कृषक/कृषक समूह/सहकारी/निजी फार्मले कार्यालयमा निवेदन दिन सक्नेछन्।

(ग) स्थलगत अनुगमनको आधारमा पहिचान भएका समस्या अनुसार प्राथमिकतामा परेका फलफूल बगैंचाहरुको माग र आवश्यकताका आधारमा कार्यालयले निश्चित क्लष्टर बनाई अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(घ) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(अ) बगैंचा व्यवस्थापन सम्बन्धी सीप विकास तालिम तथा क्षमता अभिवृद्धि,

(आ) फलफूल बगैंचा व्यवस्थापन प्रदर्शन,

(इ) मल, विषादी, निलोतुथो, कृषि चुन, सुक्ष्म खाद्यतत्व लगायतका सामग्रीमा सहयोग,

(ई) सिकेचर, प्रुनिङ स, स्प्रेयर, फल टिपाई सम्बन्धी औजार उपकरण लगायतका यन्त्र औजारमा सहयोग

(उ) रोग पहिचानका लागि प्रयोगशाला परीक्षण सेवा,

(ऊ) प्राविधिक सहयोग।

३१. <u>मेला महोत्सवमा सहयोगः</u> (१) नविनतम कृषि प्रविधि र कृषि उपजको प्रचार-प्रसार गर्न आयोजना हुने मेला महोत्सवमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

१९

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(क) कार्यालयले मेला महोत्सवमा कृषकहरुको सहभागिता, स्टल भाडा, कृषि उपज ढुवानीमा सहयोग र उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने लगायतका सहयोग गर्न सक्नेछ।

(ख) कार्यालयले कृषकहरुको अधिकतम सहभागिताको लागि प्रचार प्रसारमा सहयोग गर्नेछ।

३२. <u>कृषि सम्बन्धी दिवस कार्यक्रमः</u> (१) कृषि प्रविधि, सूचना तथा चेतनामूलक गतिविधिहरू मार्फत कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै कृषकलाई कृषि व्यवसायमा आकर्षित गर्ने उद्देश्यले कृषि सम्बन्धी दिवसहरू मनाइनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) कार्यालयले कृषि क्षेत्रमा महत्वपूर्ण मानिएका विश्व खाद्य दिवस, कृषि जैविक विविधता दिवस, राष्ट्रिय कोदो दिवस, विश्व माटो दिवस, राष्ट्रिय धान दिवस, विश्व वातावरण दिवस, मह दिवस, विषादी प्रयोगमुक्त सप्ताह लगायतका दिवसहरु सञ्चालन गर्न सक्नेछ।

(ख) दिवस मनाउनका लागि निम्नानुसारका क्रियाकलापहरु गर्न सकिनेछः-

(अ) सचेतनामुलक सामग्री सहितको प्रभातफेरी,

(आ) जनचेतनामूलक गोष्ठी/सेमिनार,

(इ) प्रतिस्पर्धात्मक प्रतियोगिता एवं पुरस्कृत गर्ने कार्यक्रम,

(ई) प्रविधि प्रसार एवं सहयोग कार्यक्रम,

(उ) प्रचार प्रसार सामग्रीको उत्पादन, प्रकाशन एवं वितरण,

(ऊ) माटो दिवसमा माटो परीक्षण, सामग्री वितरण तथा प्राविधिक सेवा टेवा।

३३. <u>कृषि तथ्याङ्क सङ्कलन, अद्यावधिक तथा व्यवस्थापन कार्यक्रमः</u> (१) विश्वसनीय कृषि तथ्याङ्क सङ्कलन, अद्यावधिक, विश्लेषण र प्रकाशन गरी कार्यक्रम अनुगमन मूल्याङ्कन, योजना तथा बजेट तर्जुमा र कृषि क्षेत्रको गुणात्मक तथा परिमाणात्मक विकासमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) कार्यालयले नियमित रुपमा कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न योजना तथा तथ्याङ्क हेर्ने शाखालाई जिम्मेवारी तोक्नुपर्नेछ।

(ख) सङ्कलित कृषि तथ्याङ्कको प्रविष्टि, प्रशोधन एवं विश्लेषण गरी वार्षिक तथ्याङ्क पुस्तिका प्रकाशन गर्नुपर्नेछ।



वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ग) कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न आवश्यकता अनुसार घरधुरी सर्वेक्षण, लक्षित समूह छलफल (FGD), मुख्य जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता (KII), स्थलगत अवलोकन जस्ता विधिहरु प्रयोग गर्न सकिनेछ। साथै, कृषि तथ्याङ्क सङ्कलनको लागि कार्यालयका प्राविधिक कर्मचारी र आवश्यकता अनुसार स्थानीय तहका कृषि प्राविधिकलाई समेत परिचालन गर्न सक्नेछ।

(घ) तथ्याङ्क प्रमाणीकरण कार्यशाला (Validation Workshop) मार्फत तथ्याङ्कहरुको प्रमाणीकरण तथा अनुमोदन गर्नुपर्नेछ।

(ङ) कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक सम्बन्धी देहायका कार्यक्रम /क्रियाकलापहरु समावेश गर्न सकिनेछ।

(अ) आधारभूत कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक,

(आ) कृषि बालीहरुको लाभ लागत अध्ययन,

(इ) बाली कटानी,

(ई) कृषि बजार पूर्वाधार तथा बजार मूल्यसूची।

३४. <u>बाली कटानी (क्रप कटिङ) कार्यक्रम</u> (१) उपयुक्त विधि अपनाई निश्चित स्थानको बाली कटानीबाट नमुना सङ्कलन गरी बालीको उत्पादन र उत्पादकत्व अनुमान गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) जिल्लामा बालीको सिंचित र असिंचित क्षेत्रफल, उन्नत तथा स्थानीय जातले ढाकेको क्षेत्रफल र उन्नत प्रविधि अवलम्बनको स्तरको आधारमा नमुना सङ्कलन गर्नुपर्नेछ।

(ख) न्यूनतम १० वर्ग मिटर (५ मिटर X २ मिटर) क्षेत्रफललाई आधार मानी नमुना सङ्कलन गर्नुपर्नेछ।

(ग) सङ्कलन गरिएको नमुनालाई १०-१५ दिन घाममा सुकाई तौल लिने वा उपकरण मार्फत चिस्यान आंकलन गर्नुपर्नेछ।

(घ) धान बाली १४ प्रतिशत, गहुँ र मकै बाली १२ प्रतिशत, दलहन र तेलहन बालीमा १० प्रतिशत चिस्यान कायम भए पश्चात मात्र उत्पादन आंकलन गर्नुपर्नेछ।

३५. <u>कृषक पाठशाला सञ्चालन कार्यक्रम</u> (१) सहभागितात्मक कृषक पाठशालामार्फत शत्रुजीव व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, उन्नत प्रविधि प्रयोग र व्यावहारिक सीप अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) स्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत खाद्यान्न, तरकारी, दलहन, आलु, मौरिपालन र मसला बालीमा स्थानीय तहसँगको समन्वयमा पाठशाला सञ्चालन गरिनेछ।

(ख) यस कार्यक्रमको लागि देहाय बमोजिमका आधारहरु लिई समूह गठन गर्नु पर्नेछः-

(अ) खाद्य असुरक्षित, पिछडिएका, दलित, महिला, आदिवासी समुदायको सहभागीलाई प्राथमिकता दिनुपर्नेछ।

(आ) न्यूनतम ५०० वर्गमिटर जग्गा व्यवस्था गर्न सक्ने समूहलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) देहायका विधि अनुसार कृषक पाठशाला सञ्चालन गर्नुपर्नेछः-

(अ) कार्यालयले कृषक पाठशाला सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सहजकर्ता छनोट/नियुक्ति गर्नेछ।

(आ) कृषक पाठशाला सम्बन्धी आधारभुत तालिम लिएको वा जानकारी भएको १ जना कृषक सहायक सहजकर्ता समेत परिचालन गर्न सकिनेछ।

(इ) सहजकर्ताले कृषक समूहले तोकेको हप्ताको कुनै एक दिन पाठशाला सञ्चालन गर्नुपर्नेछ। सो पाठशाला चयन गरिएको बालीको सम्पूर्ण अवधिभर निरन्तर सञ्चालन हुनेछ। पाठशाला सञ्चालन गर्दा नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत निर्देशिका/म्यानुअलमा उल्लिखित कार्यतालिका अनुसार प्राविधिक विषयहरू समावेश गरिनुपर्नेछ। साथै, आवश्यक प्राविधिक सहयोगका लागि विज्ञलाई समेत सहभागी गराइनेछ।

(ई) बिउ उत्पादन कृषक पाठशालाको हकमा बाली उत्पादन पश्चात बिउ भण्डारण एवं पोष्ट हार्भेष्ट व्यवस्थापन सम्बन्धी अध्ययन परीक्षणहरु समेत गर्नुपर्नेछ।

(उ) बाली कटानी अगावै प्रविधि विस्तार गर्ने उद्देश्यका साथ अध्ययन स्थल भ्रमण, परीक्षण नतिजा प्रदर्शन, स्टल निरीक्षण आदि गराई कृषक दिवस समेत मनाउन सकिनेछ।

(घ) कृषक पाठशाला सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलाप अनतर्गत सञ्चालन गर्नुपर्नेछ।

| क.सं. | क्रियाकलाप | एकाइ | परिमाण |
|---|---|---|---|



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन...
मन्त्री

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिमाण |
|---|---|---|---|
| क | **तयारी गोष्ठी** | | |
| १ | प्रथम तयारी गोष्ठीका लागि चिया खाजा | सङ्ख्या | ३० |
| २ | दोस्रो तयारी गोष्ठीका लागि चिया खाजा | सङ्ख्या | २५ |
| ३ | तेस्रो तयारी गोष्ठीका लागि चिया खाजा | सङ्ख्या | २५ |
| ४ | तयारी गोष्ठीका लागि स्टेशनरी सामग्री | एकमुष्ट | २५ |
| ५ | प्रशिक्षण कार्यको लागि मसलन्द सामग्री (रजिष्टर, स्केल, मार्कर, पेन, पेन्सिल, टेप, ग्लु स्टिक, फाइल, आदि) | एकमुष्ट | १ |
| ६ | गोष्ठी संयोजक भत्ता | व्यक्ति | १ |
| | जम्मा | | |
| | | | |
| ख | **कृषक पाठशाला सञ्चालन (१६ हप्ता)** | | |
| १ | सहभागी तथा सहजकर्ताको लागि चिया खाजा | सङ्ख्या | ४०० |
| २ | पाठशाला सञ्चालन सामग्री सहयोग (बिउ, बेर्ना, मल, ड्रम, सुरक्षित विषादी, सुक्ष्म खाद्य तत्व, हर्मोन, प्लाइ वोर्ड, मार्कर, कैंची, फोटोकपी पेपर, मास्किंग टेप, ट्याग ड्रिप सिंचाइ सेट लगायत कक्षा सञ्चालनको लागि आवश्यक सामग्री) | पटक | १ |
| ३ | विशेष कक्षा सञ्चालनका लागि प्रशिक्षण भत्ता (आन्तरिक एवं वाह्य प्रशिक्षक) | सङ्ख्या | ४ |
| ४ | पाठशाला सहजकर्ता (दुई जना स्रोत व्यक्ति) का लागि प्रशिक्षण पारिश्रमिक (१६ दिन) | सङ्ख्या | ३२ |
| ५ | संयोजक भत्ता (प्रत्येक हप्ता) | व्यक्ति | १६ |
| ६ | सहयोगी भत्ता (प्रत्येक हप्ता) | व्यक्ति | १६ |
| ६ | प्रतिवेदक पारिश्रमिक (एकमुष्ट) | सङ्ख्या | १ |
| | जम्मा | | |
| | | | |
| ग | **कृषक दिवस सञ्चालन** | | |
| १ | सहभागी, आमन्त्रित अतिथि तथा सहजकर्ताको लागि चिया खाजा | व्यक्ती | ४५ |
| २ | विविध खर्च (प्रमाणपत्र, ब्यानर, सरसफाई, तुल आदि) | पटक | १ |
| ३ | संयोजक भत्ता | सङ्ख्या | १ |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

परिच्छेद-६

## माटो स्वास्थ्य सुधार कार्यक्रम

३६. **कृषि चुन प्रयोगको प्रभावकारिता परीक्षण कार्यक्रमः** (१) कृषि चुन प्रयोगले माटोको भौतिक, रासायनिक तथा जैविक गुणहरूमा पार्ने प्रभावको अध्ययन गरी परीक्षणबाट प्राप्त नतिजा बमोजिम कृषकलाई सही मात्रा र तरिकाले कृषि चुन प्रयोग गर्न उत्प्रेरीत गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) माटो तथा मल परीक्षण प्रयोगशालाले प्रदेशका स्थानीय तहको कृषि विकास शाखाको समन्वयमा व्यावसायिक खेती भएका पकेट क्षेत्र छनोट गर्नेछ।

(ख) प्रयोगशालाले पकेट क्षेत्रबाट माटोको नमुना सङ्कलन गरी पि.एच. परीक्षण पश्चात निःशुल्क कृषि चुन वितरण गरी सोही स्थानबाट सुरुवाती नमुना सङ्ख्याको न्यूनतम १० प्रतिशत नमुना पुनःसङ्कलन गरी परीक्षण गर्नेछ।

(ग) परीक्षण प्रतिवेदनको आधारमा पहाडी क्षेत्रहरुमा प्रति किसान अधिकतम ३०० के.जी. र तराई/भित्री मधेशमा प्रति कृषक अधिकतम ४०० के.जी. का दरले कृषि चुन वितरण गरिनेछ।

(घ) कृषि चुन वितरणका लागि ढुवानी बापतको रकम सम्बन्धित स्थानीय तहले बेहोर्नु पर्नेछ।

३७. **जैविक मल प्रवर्धन कार्यक्रम** (१) माटोमैत्री सूक्ष्मजीवाणुयुक्त जैविक मलको उपयोगलाई प्रोत्साहन गरी माटोको दिगो उर्वराशक्ति बढाई बालीको उत्पादनशीलता वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः

(क) प्रदेश भित्रका स्थानीय तहको कृषि विकास शाखाको समन्वयमा प्रयोगशालाले कृषक समूह/सहकारी छनोट गरी अधिकतम ३० जना कृषकहरुलाई जैविक मल प्रवर्धन तालिममा सहभागी गराउनेछ।

(ख) नेपालमै उत्पादन भएको र प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ मा उल्लेख भएको मापदण्ड पुरा गरेको मल मात्र प्रयोग गर्नुपर्नेछ।

परिच्छेद-७

## मौरीपालन प्रविधि विकास कार्यक्रम



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

३८. <u>गुणस्तरीय रानु मौरी उत्पादन तथा वितरण कार्यक्रमः</u> (१) परिचयः रोग प्रतिरोधी तथा गुणस्तरीय रानु मौरी उत्पादन गरी मौरीपालक कृषकलाई वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरुः-

(क) मौरीपालन विकास केन्द्र तथा व्यावसायिक किट विकास फार्मबाट कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) अभिलेखमा आधारीत मूल्याङ्कन अनुसार सरकारी केन्द्र तथा फार्ममा रहेका गोलाहरूमध्ये उत्कृष्ट ठहरिएका गोलाहरू तथा नेपाल भित्रका प्रमुख मौरी खर्कहरूबाट गुणस्तरीय, मजबुत र उत्पादनशील गोलाहरू छनोट गरी खरिद गरिनेछ।

(ग) छनोट भएका गोलाहरुलाई आमा गोला र भाले गोलाको रुपमा विकास गरी गुणस्तरीय रानु मौरीको उत्पादन गरिनेछ।

(घ) सरकारी केन्द्र वा फार्मले गुणस्तरीय रानु मौरीको उत्पादन स्वयं गर्नेछ। साथै, केन्द्र वा फार्मसँग भएको सम्झौतामा तोकिएका शर्तहरू, समन्वय र सहकार्यका आधारमा रानु उत्पादक (२१ दिने रानु उत्पादन सम्वन्धी तालिम प्राप्त) कृषकहरूले समेत रानु मौरी उत्पादन कार्य सञ्चालन गर्न सक्नेछन्।

(ङ) रानु उत्पादन गरी केन्द्र/फार्मलाई उपलव्ध गराउनको लागि रानु उत्पादकसँग मेलिफेरा मौरी न्युनतम १०० घार र सेरेना मौरीको हकमा न्युनतम ४० घार गोला हुनुपर्नेछ।

(च) केन्द्र तथा फार्मले रानु उत्पादकहरुलाई रानु उत्पादन बापतको प्रोत्साहन रकम उपलव्ध गराउने छ।

(छ) केन्द्र तथा फार्मले गुणस्तरीय रानु उत्पादनमा कृत्रिम गर्भाधान प्रविधि (Artificial Insemination) र ग्राफ्टिङ्ग प्रविधि अवलम्बन गरी मौरीमा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्नेछ।

(ज) केन्द्र तथा फार्मले कृत्रिम गर्भाधान प्रविधि सञ्चालनको लागि प्रयोगशालामा आवश्यक पर्ने सामग्री तथा उपकरणहरु खरिद गर्न सक्नेछ।

(झ) कृत्रिम गर्भाधान प्रविधिबाट उत्पादन भएको रानु मौरी अध्ययन अनुसन्धानको लागि प्रयोग गरिनेछ र प्रशस्त उत्पादन भएमा मौरीपालक कृषकलाई समेत वितरण गरिनेछ।

३९. <u>माइट तथा ई.एफ.वि. रोग व्यवस्थापन कार्यक्रमः</u> (१) मौरीपालन व्यवसाय क्रमशः व्यावसायिकतामा विकसित हुँदै गएको अवस्थामा, अनुपयुक्त मौसम, कमजोर गोला



वैकुण्ठ अधिकारी
प्रदेश सचिव
मा. मधुसूधन पौडेल
मन्त्री

व्यवस्थापनका कारण माइट र जीवाणुबाट मौरीको लार्भामा देखापर्ने विभिन्न रोग तथा कीराका समस्या बढेका छन्। यी रोग तथा कीराको नियन्त्रण तथा रोकथाम गरी मह उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन विधि/शर्तहरु:

(क) केन्द्र तथा फार्महरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्थानीय तहको समन्वयमा माइट तथा ई.एफ.वि.को समस्या देखिएका मौरीपालन हुने क्षेत्र वा रासायनिक विषादीको अत्यधिक प्रयोग भएको चरण क्षेत्रलाई सम्बोधन गर्ने गरी एक दिने माइट तथा ई.एफ.वि. रोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थानको बारेमा मौरीपालकहरुलाई उपयुक्त माध्यमबाट समयमा नै जानकारी दिनुपर्नेछ।

(घ) कार्यक्रम सञ्चालनका लागि कम्तीमा १५ जना मौरीपालक कृषक हुनुपर्नेछ।

(ङ) कार्यक्रम आयोजना स्थलको मौरी गोलाबाट संक्रमित नमुना ल्याई प्रयोगशालामा परीक्षण समेत गरिनेछ।

४०. <u>चिउरी तथा चरन बिरुवा उत्पादन तथा वितरण कार्यक्रम:</u> (१) पर्याप्त र विविध वनस्पति भएको चरन क्षेत्रले कृषि उत्पादनमा वृद्धि गर्नुका साथै जैविक विविधता संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने भएकोले मह उत्पादनमा वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रमको प्राविधिक पक्ष र सञ्चालन प्रक्रिया:

(क) केन्द्र तथा फार्महरुबाट कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) चिउरीको अगौटे जातको बाहुल्यता भएको चरन क्षेत्रमा पछौटे जात र पछौटे जातको बाहुल्यता भएको चरन क्षेत्रमा अगौटे जातको बिरुवा वितरण हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) चेपाङ, राउटे जस्ता सीमान्तकृत वर्गका मौरीपालक कृषकहरुलाई चिउरी बिरुवा लगाउने कार्यमा सहयोग गरिनेछ।

(घ) मौरी पकेट क्षेत्रका कृषक, समूह, सहकारी, सामुदायिक वन, डिभिजन/सव डिभिजन वन कार्यालय, उपभोक्ता समिति, स्थानीय तहलाई चिउरी बिरुवा उपलब्ध गराइनेछ।

(ङ) केन्द्र तथा फार्मले चरन बिरुवा अन्तर्गत चिउरी, आँप, लिची, बोटल ब्रस, मसला, चेरी लगायत अन्य बिरुवाहरु उत्पादन तथा खरिद गरी बिक्री वितरण गरिनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

## परिच्छेद८

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

४१. **साझेदार रकम र भुक्तानीः** (१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराईनेछ।

(२) अनुसूची १४ बमोजिम पुँजीगत प्रकृतिका निर्माण कार्यहरुको लागि कुल लागतको बढीमा ८० प्रतिशत तथा चालु प्रकृतिका उत्पादन सामग्री एवं मेशिनरी उपकरणहरूको हकमा बढीमा ५० प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

(३) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, डिजाइन तथा लागत अनुमान तयारी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, आदिमा खर्च गरिनेछ।

(४) सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा सामग्रीहरु प्रचलित खरिद ऐन/नियम बमोजिम निर्देशनालय/कार्यालयले खरिद गरी अनुदानित मूल्यमा साझेदारलाई उपलब्ध गराउन सक्नेछ। १(एक) करोड सम्मको लागत अनुमान भएको पुँजीगत प्रकृतिका पूर्वाधार निर्माण कार्य साझेदार वा लाभग्राही संस्थामार्फत गराउन सकिनेछ। तर यसरी साझेदार वा लाभग्राही संस्था मार्फत निर्माण कार्य गराउँदा साझेदारले सो कार्य आफैंले नगरी अन्य कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सक्ने छैन। निर्माण कार्यमा अन्य संस्थालाई संलग्न गराएको पाइएमा उक्त सम्झौता रद्द गरी साझेदार र निर्माण व्यवसायी दुबैलाई कालो सूचीमा राख्न प्रक्रिया अगाडि बढाईनेछ।

(५) दफा ९ बमोजिमको सम्झौता अनुसार सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन गरिने तालिम, अभिमुखीकरण जस्ता गतिविधिहरु साझेदारसँगको आपसी समझदारीमा शतप्रतिशत अनुदानमा कार्यालयबाट सञ्चालन गरिनेछ।

(६) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन, कार्यसम्पन्न खुल्ने फोटो लगायत आवश्यक कागजात तोकिएको समयभित्रै निर्देशनालय/कार्यालयमा भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(७) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालय/कार्यालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

